शोक प्रस्ताव

पत्र संख्या :
चलानी नं. :

# हार्दिक समवेदना

मिति ..................



जिल्ला समन्वय समिति पाल्पाका प्रमुख *दयाराज बस्याल*को उपचारकाक्रममा मिति २०७६ मंसिर ५ गते अप्रत्यासित रुपमा भएको असामयिक निधनको खवरले हामी स्तव्ध भएका छौं । २००९ सालमा साविक यम्घा, थामडाँडा, हाल बगनासकाली गा.पा. पाल्पामा जन्मिनुभएका बस्यालले जीवनका उर्वर समय पाल्पाली जनताको हकहित र अधिकारको निम्ति वाम तथा लोकतान्त्रिक अभियानमा समर्पित गर्नुभएको थियो । बस्याल सरल, मिलनसार र जनमैत्री स्वभावका व्यक्तित्व हुनुहुन्थ्यो । पाल्पाको शैक्षिक आन्दोलन, विकास निर्माण र सामाजिक अभियानमा उहाँ जुट्नु भएको थियो । निरङकुशता विरुद्धको संघर्ष र लोकतन्त्र प्राप्तीको लागि समेत उहाँको योगदान स्मरणयोग्य रहेको छ । जनतालाई अधिकार सम्पन्न गराउन विगतमा सम्पन्न हरेक आन्दोलन र क्रान्तिमा सक्रियतापूर्वक लाग्नु भएका बस्यालको निधनले पाल्पा विकासको अभियानलाई अपुरणीय क्षती पुगेको महसुस भएको छ । शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

२०७६ मंसिर ६

निर्णय नं. १

जिल्ला समन्वय समिति पाल्पाका प्रमुख दयाराज बस्यालको २०७६ मंसिर ५ गते असामयिक निधन भएकोमा हार्दिक श्रद्धान्जली व्यक्त गर्दै उहाँ प्रति सम्मान प्रकट गर्दै २०७६ मंसिर ६ गते तानसेन नगरपालिका मातहतका शिक्षण संस्था लगायत सबै कार्यालय बन्द गर्ने निर्णय गरियो ।

Scanned by CamScanner